सुदूरपश्चिम प्रदेशको बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०७७

प्रस्तावना : कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरुको न्युनीकरण गरी कृषकहरुको लगानी सुरक्षित गर्दै यिनको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई बाली तथा पशुपन्छीको बीमाको प्रिमियममा थप अनुदान प्रदान गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेशको बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "बाली" भन्नाले खेती गरिएका अन्न, तरकारी, फलफुल, नगदेबाली, औद्योगिक बाली लगायतका कृषि उपज सम्झनु पर्छ ।यस शब्दले मौरीपालन, रेशमखेती तथा च्याउलाई समेत जनाउँदछ ।

(ख) "पशुधन" भन्नाले घरपालुवा पशु र पन्छी सम्झनु पर्छ । यस शब्दले मत्स्यपालनलाई समेत जनाउँदछ ।

(ग) "बीमक" भन्नाले बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी सम्झनु पर्दछ । यस शब्दले पुनर्विमकलाई समेत जनाउँदछ ।

(घ) "बीमित" भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने ब्यक्ति वा परिवार वा वा कृषि फर्म वा कृषक समूह वा कृषक समिति वा कृषक सहकारी सम्झनु पर्छ ।

(ङ) "बीमालेख" भन्नाले बीमा समितिबाट जारी गरिएको बीमालेख सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिमको बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

(ज) "मन्त्रालय" भन्नाले सुदुरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

परिच्छेद-२
कार्यक्रम कार्यान्वयन प्रक्रिया

३. **बाली तथा पशुधन बीमा कोष व्यस्थापन समिति:** (१) यस कार्यविधिमा व्यवस्था भए बमोजिम बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालनका लागि मन्त्रालयमा एक बाली तथा पशुधन बीमा कोष व्यस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्:-

(क) सचिव, मन्त्रालय	-संयोजक
(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय	-सदस्य
(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-सदस्य
(घ) प्रमुख, कृषि विकास निर्देशनालय	-सदस्य
(ङ) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	-सदस्य
(च) मन्त्रालयले मनोनयन गरेको बीमा कम्पनीको प्रतिनिधित्व गर्ने एक जना प्रतिनिधि	-सदस्य
(छ) महाशाखा प्रमुख, कृषि व्यवसाय प्रवर्धन तथा खाद्य सुरक्षा महाशाखा,मन्त्रालय	सदस्य-सचिव

४. **बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम कर्तव्य र अधिकार:** (१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश अन्तर्गत बाली तथा पशुधन बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिने,

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

(ख) बाली तथा पशुधन बीमा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा देखिएका समस्या समाधानका लागि पहल गर्ने,

(ग) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान प्रदान गर्नका लागि आवश्यक पर्ने बजेटको अनुमान गरी मन्त्रालयलाई जानकारी दिने ।

(घ) बाली तथा पशुधन बीमा गर्ने कम्पनीहरुलाई थप अनुदान रकम उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ङ) बीमा समिति र बीमा कम्पनीहरुसँग समन्वय गर्ने,

(च) प्रदेश भित्र बाली तथा पशुधन बीमा सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने, र

(छ) कोषमा रकम अपुग भएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग माग गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाली तथा पशुधन बीमामा थप अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यक रणनीति एवम् योजना बनाउनु समितिको प्राथमिक कर्तव्य हुनेछ ।

परिच्छेद-३

बीमा कोष तथा थप अनुदान उपलब्ध गराउने प्रक्रिया

६. **बाली तथा पशुधन बीमा कोषको स्थापना:** (१) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने प्रयोजनका लागि एक बाली तथा पशुधन बीमा कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्:-

(क) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम, र

(ख) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

७. **कोष सञ्चालन सम्बन्धी व्यवस्था :** (१) कोषमा प्राप्त हुने रकम समितिको निर्णय अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाता सञ्चालन समितिको संयोजक र सदस्य-सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।

(३) कोषबाट बीमा प्रिमियममा थप अनुदान प्रदान गर्न मात्र रकम खर्च गरिनेछ ।

(४) समितिले आवश्यक ठानेमा कोषको सञ्चालनका लागि छुट्टै निर्देशिका बनाई कार्य सञ्चालन गर्न सक्नेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

८. **कोषको लेखा र लेखापरीक्षण:** (१) कोषको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गरिनेछ ।

९. **बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने प्रक्रिया:** (१) बाली तथा पशुधनको प्रिमियममा थप अनुदान प्रदान गरिने रकम वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रही दिइनेछ ।

(२) बाली तथा पशुधनको व्यवसायिक उत्पादन गर्ने व्यक्तिले बीमा अनुदान कार्यक्रम अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा गर्न बीमा ऐन, २०४९ अन्तर्गत स्थापना भएको बीमक समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार प्राप्त निवेदनको आधारमा बीमकले बाली तथा पशुधनको बीमा गर्नेछ ।

(४) बीमकले संघीय सरकारबाट कूल बीमा प्रिमियमको ७५ प्रतिशत रकम अनुदान प्राप्त गर्ने व्यवस्था रहेकोमा देहाय बमोजिम प्रदेश सरकारबाट थप अनुदान रकम प्रदान गरिनेछ:-

क्र.सं.	प्रिमियम रकम	थप अनुदान प्रतिशत	बिमितले तिर्नु पर्ने प्रतिशत
१.	१ लाखसम्म	२५	-
२.	२० लाखसम्म	२०	५
३.	२० लाखदेखि माथि	१०	१५

(५) बीमकले २० प्रतिशत प्रिमियम रकम प्रदेशको बाली तथा पशुधन बीमा कोषबाट भुक्तानी लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम भुक्तानी लिन बीमकले बीमालेखको प्रतिलिपि र अन्य आवश्यक कागजातहरु अनिवार्य रुपमा बीमा गरेको ३० दिन भित्र समितिमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेश हुन आएका कागजातहरुको समितिले अध्ययन गरी भुक्तानीको व्यवस्था मिलाउनेछ ।

(८) बीमा गरिने बाली तथा पशुधनको बिमांक रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दाबी भुक्तानी प्रक्रिया र बीमा सम्बन्धी अन्य व्यवस्थाहरु बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ र सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।

(९) अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि बीमा प्रिमियममा थप अनुदान रकम ५० हजार रुपैयाँसम्म मात्र हुनेछ ।

परिच्छेद-४

कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन

१०. **कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनः** (१) यस कार्यविधि अन्तर्गत बीमा गर्ने बीमकले आफुले जारी गरेको बीमालेख, त्यस्तो बीमालेखले सृजना गरेको दायित्व र जोखिम तथा समितिले तोके बमोजिमका अन्य सूचनाहरु सहितको विवरण प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्र नियमित रुपमा समितिमा पठाउनु पर्नेछ ।

(२) कार्यविधि अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा सदुपयोग र प्रभावकारिता बारे अनुगमन र मुल्याङ्कनको कार्य प्रदेश स्तरबाट मन्त्रालय, समिति र निर्देशनालयबाट हुनेछ ।

(३) जिल्ला स्तरमा नियमित अनुगमन र मुल्याङ्कनको कार्य सम्बन्धित कार्यालयबाट हुनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम भएका अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त प्रतिवेदनलाई समितिले अभिलेखको रुपमा सुरक्षित राख्नु पर्नेछ ।

परिच्छेद-५

विविध

११. **प्रचलित कानून लागु हुनेः** यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **सम्पर्क बिन्दुः** प्रदेश स्तरमा मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा र जिल्ला स्तरमा सम्बन्धित कार्यालयहरु बाली तथा पशुधन बीमा सम्बन्धी कार्यहरुको समन्वयका लागि सम्पर्क बिन्दुको रुपमा रहनेछ ।

१३. **बाधा अड्काउ फुकाउने र संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।